मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :- कृषि २०८१/८२ मिति: २०८१/०६/२०

चलानी नं. :- ६९६

विषय :- सूचना पठाईएको सम्बन्धमा।

श्री वडा कार्यालयहरु सबै,
मन्थली नगरपालिका।

प्रस्तुत विषयमा चालु आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम अनुसार कृषि विकास उपशाखा तर्फको खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान/गहुँ/मकै) कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा गहुँको उन्नत बीउ वितरण गर्ने सम्बन्धी प्रकाशन गरिएको सूचना यसैसाथ संलग्न राखि पठाईएको छ। अतः तहाँ वडाको सूचना पाटीमा टाँस गरी सम्बन्धित सबैलाई जानकारी गराउन हुन र आवश्यक समन्वयको लागि अनुरोध छ।

शाखा अधिकृत

............................. ६।२०

गोविन्द कुमार कटेल
शाखा अधिकृत

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :- कृषि २०८१/८२
चलानी नं. :-

## गहुँ बालीको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना।
(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/२०)

आ.व. २०८१/८२ को संघीय सशर्त तर्फको खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान/गहुँ/मकै) कार्यक्रम अन्तर्गत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम खाद्यान्न बालीको उन्नत बीउ प्रयोगकर्ता कृषकलाई मन्थली नगरपालिकाबाट मूल्य अनुदान हुने व्यवस्था रहेको सन्दर्भमा उक्त कार्यक्रम कार्यान्वयन सम्बन्धमा कृषि विभागको मिति २०८१/०६/१० गतेको पत्रानुसार डेसिस मार्फत बीउ उपलब्ध गराउन नसक्ने र कृषि सामग्री कम्पनी लिमिटेड, हेटौंडाको सोही मितिको पत्रानुसार देहाय बमोजिम क्षेत्रमा लाग्ने जातको मात्र गहुँको बीउ उपलब्ध रहेको जानकारी प्राप्त हुन आएकोले यस नगरपालिकाका सम्पूर्ण कृषकहरुले आफूलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित गहुँ बालीको जात र परिमाण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/०७/०४ गते) भित्र तोकिएको मूल्यको ५० प्रतिशत रकम सहित तपसिलका आवश्यक कागजातहरु संलग्न राखी सम्बन्धित वडाको कृषि प्राविधिक वा वडा कार्यालयमा आवेदन पेश गर्नु हुन सूचित गरिन्छ।

**गहुँ बालीको सिफारिस जात र जातीय विवरणः**

| क्र.सं. | जात | सिफारिस वर्ष (बि.सं.) | पाक्ने दिन | उत्पादन क्षमता (मे.टन/हे.) | प्रति किलो मूल्य (रु.) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|---|---|
| १ | विजय | २०६७ | १११-१२३ | ४.४५ | ८५ | तराई, टार र ५०० मी. सम्मको उपत्यका |
| २ | एन एल ९७१ | २०६६ | १२२ | ४.५३ | ८५ | तराई, टार र ५०० मिटर सम्मको उपत्यका |

**आवश्यक कागजातहरुः**

१. कार्यक्रम माग गर्ने सम्बन्धी नगरपालिकाले तयार गरेको ढाँचा बमोजिमको निवेदन र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
२. गहुँ बाली लगाउने जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपि।
३. कृषक समूह, संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि।
४. समूह/सहकारीको हकमा एकमुष्ट माग विवरण र संस्थागत निर्णयको प्रतिलिपि।
५. सहकारीको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

शाखा अधिकृत
६/२०

गोविन्द कुमार कटेल
शाखा अधिकृत